सेन्टर फर मिडिया रिसर्च – नेपाल

# नीति पत्र

नीति पत्र शृङ्खला नं. ४२
आश्विन, २०८०

# काठमाडौँ महानगरपालिका सञ्चार तथा सूचना ऐन २०८० टिप्पणी तथा सुझाव

## पृष्ठभूमि

२०७२ सालमा जारी नेपालको संविधानअनुसार ३ तहको शासकीय संरचनाको अभ्यास भएको छ । संविधानले नै तीनवटै तहलाई स्वायत्त सरकार सञ्चालनको अभ्यास गर्न सक्ने व्यवस्था गरेको छ । त्यसअनुसार कुन काम कुन तहले कति र कसरी गर्ने भनेर संविधानमै सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार पनि बाँडफाँट गरिएको छ । संविधानको अनुसूचीमै व्यवस्था गरेर सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारहरू छुट्टाइएको छ । त्यस्ता अधिकार कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले कानुन बनाउन सक्ने अधिकार पनि संविधानले दिएको छ । त्यही अधिकार प्रयोग गरेर सङ्घ, प्रदेश र स्थानीय तहले कानुन बनाइरहेका छन् ।

नेपालको संविधानको अनुसूची ५,६,७,८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारबारे नेपाल सरकारले मन्त्रिपरिषद्बाट कार्य विस्तृतीकरण प्रतिवेदन पारित गरेको छ जसमा संविधानअनुसार ३ तहले प्राप्त गरेका अधिकार र त्यसका कार्यान्वयनको सीमा निर्धारण गरिएको छ ।

विभिन्न अधिकारसँगै सङ्घ, प्रदेश र स्थानीय तहलाई सञ्चार माध्यम सञ्चालन, नियमन र व्यवस्थित गर्ने अधिकार पनि दिइएको छ ।

संविधानमा स्थानीय तहको एकल र साझा अधिकार सूचीभित्र परेका अधिकारलाई मन्त्रिपरिषद्को कार्य विस्तृतीकरण प्रतिवेदनले सञ्चारसम्बन्धी निम्न कार्य गर्न सक्ने उल्लेख गरेको छ :

## एफएम सञ्चालन

- १०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन ।

- स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबल तथा तारबिहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन ।

## पत्रपत्रिका

- स्थानीय तहका पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख र नियमन ।

संवैधानिक अधिकारअनुसार स्थानीय तहहरूले सञ्चारसम्बन्धी कानुनहरु जारी गर्न थालेका छन् । यसै सन्दर्भमा काठमाडौँ महानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगर सभाले जारी गरेको काठमाडौँ महानगरपालिकाको सञ्चार, सूचना तथा तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित गर्न बनेको 'सञ्चार तथा सूचना ऐन, २०८०' स्थानीय राजपत्रमा २०८० साल साउन ११ गते प्रकाशित गरेको छ ।

# काठमाडौँ महानगरपालिकाको सञ्चार तथा सूचना ऐन २०८० का मुख्य प्रावधान :

### पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमको अभिलेखन

यो ऐनले पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमको अभिलेखन गर्नुपर्ने व्यवस्था गरेको छ । महानगरपालिका क्षेत्रभित्र सार्वजनिकरूपमा बिक्री वितरणका लागि स्थानीय पत्रपत्रिका प्रकाशन गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, सम्पादकको नाम र प्रकाशकको विवरण, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थानसमेत खुलाइ पत्रपत्रिका अभिलेखका लागि तोकिएबमोजिमको ढाँचामा सञ्चार रजिस्ट्रारसमक्ष निवेदन दिनुपर्नेछ ।

ऐनमा 'प्रचलित कानुनअनुसार दर्ता भएका कम्पनीहरूबाट महानगरपालिका क्षेत्रभित्र कार्यालय स्थापना गरी इन्टर नेटमार्फत सञ्चार माध्यम सञ्चालन गर्न चाहने समाचार, मनोरञ्जन, शिक्षामूलक र समसामयिक विषयहरु प्रवाह हुने अनलाइन पोर्टलहरूलाई महानगरपालिकाबाट स्थानीय सञ्चार माध्यमका रूपमा अभिलेखन' गर्ने व्यवस्था छ ।

### प्रसारण इजाजतपत्र लिनुपर्ने

यो ऐनले महानगरभित्र प्रसारकले इजाजतपत्र लिएर मात्रै एफएम सञ्चालन र केबल टेलिभिजन प्रसारण पर्न पाउने व्यवस्था गरेको छ । महानगरपालिका क्षेत्रभित्र एफएम रेडियो तथा केवल टेलिभिजन सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा सङ्गठित संस्थाले तोकिएबमोजिमको ढाँचा तथा कागजात संलग्न गरी महानगरपालिकाको सञ्चार रजिस्ट्रारसमक्ष निवेदन दिनुपर्नेछ । यो ऐन जारी हुनुअगावै प्रचलित नेपाल कानुनबमोजिम दर्ता भै सञ्चालनमा रहेका १०० वाटसम्म क्षमता भएका एफएम रेडियोहरु तथा केबल टेलिभिजनको हकमा भने नयाँ इजाजतपत्र लिनु नपर्ने व्यवस्था गरिएको छ ।

### प्रसारकको वर्गीकरण

महानगरपालिकाबाट इजाजत प्राप्त गरी सञ्चालित रेडियो, केबल टेलिभिजन प्रसारक तथा अन्य प्रसारकहरूलाई प्रसारण माध्यम र स्वामित्वको प्रकृतिका आधारमा निजी, सामुदायिक र सार्वजनिक सेवा प्रसारकका रूपमा तोकिएबमोजिम मापदण्ड तयार गरी वर्गीकरण गर्ने व्यवस्था छ ।

### पत्रपत्रिकाको वर्गीकरण

रजिस्ट्रारको कार्यालयमा अभिलेखन भएका पत्रपत्रिकालाई महानगरपालिकाबाट उपलब्ध गराइने सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिएको

मापदण्डबमोजिम वर्गीकरण गर्ने व्यवस्था छ । वर्गीकरण गर्दा पत्रपत्रिकाको वितरण सङ्ख्या तथा सम्पादकीय सामग्रीको गुणस्तर र अन्य तोकिएका विषयलाई सञ्चार रजिस्ट्रारले वर्गीकरणको आधार मान्ने उल्लेख छ ।

## प्रकाशनमा प्राथमिकता दिने व्यवस्था

यो ऐनले के विषयवस्तुमा प्राथिमकता दिने भन्ने पनि ऐनमै उल्लेख गरिदिएको छ । स्थानीय पत्रपत्रिकाले आफ्नो सम्पादकीय सामग्रीहरूको विषयवस्तुमा महानगर गतिविधि, महानगरभित्रका जनसरोकारका विषयहरु तथा स्थानीय सम्पदा र भाषा संस्कृतिको विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था राखिएको छ ।

## पत्रपत्रिका र अनलाइन माध्यम अभिलेखबाट नहटाइने

यो ऐनमा अभिलेखन भएका कुनै पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमलाई समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेबापत अभिलेखबाट नहटाउने व्यवस्था छ ।

## सञ्चार रजिस्ट्रारको व्यवस्था

सञ्चार माध्यमहरूको नियमन र व्यवस्थापन गर्न सञ्चार रजिस्ट्रार राख्ने व्यवस्था पनि ऐनले गरेको छ । यो ऐनअनुसार महानगरपालिकाको सूचना प्रविधि विभाग प्रमुख सञ्चार रजिस्ट्रार हुनेछन् । सञ्चार रजिस्ट्रारलाई स्थानीय पत्रपत्रिका, एफएम रेडियो, केबल टेलिभिजन, अनलाइन श्रव्यदृश्य माध्यम एवम् अनलाइन पत्रपत्रिकाहरूको अभिलेखन, नवीकरण र नियमन गर्ने, तथ्याङ्क तथा सूचना प्रविधि व्यवस्थापन, वेबसाइट, सामाजिक सञ्जाल, इमेल व्यवस्थापन र अन्य अनुगमन तथा नियमनसम्बन्धी जिम्मेवारी सम्पादन गर्ने अधिकार छ । सञ्चार रजिस्ट्रारले महानगर सञ्चार प्रतिष्ठानको सदस्य सचिवका रूपमा पनि काम गर्नुपर्नेछ ।

## प्रेस पास जारी गर्ने

यो ऐनले महानगर प्रेस पासको व्यवस्था पनि गरेको छ । सञ्चार रजिस्ट्रारले स्थानीय पत्रपत्रिका तथा एफएम रेडियो, केबल र अनलाइन माध्यमका रूपमा अभिलेखन भएका सञ्चार माध्यमहरूमा कार्यरत पत्रकार हरूलाई सम्बन्धित सञ्चार संस्थाको निवेदनका आधारमा खास कुनै स्थान वा कार्यक्रम अवधि वा १ वर्षसम्मको आवधिक प्रेस पास जारी गर्न सक्ने व्यवस्था छ । यस्ता प्रेस पासको जानकारी सञ्चार रजिस्ट्रारले प्रदेश सञ्चार रजिस्ट्रारको कार्यालय र नेपाल सरकार सूचना तथा प्रसारण विभागलाई पनि गराउने उल्लेख छ ।

## महानगर प्रसारण सेवा

महानगरपालिकाले रेडियो तथा टेलिभिजनमा महानगर प्रसारण सेवा स्थापना गरी सञ्चालन र व्यवस्थापन गर्ने ऐनमा व्यवस्था छ । हाल चलिरहेका महानगरका सञ्चार माध्यम पनि यसैबाट व्यवस्थित हुनेछन् । महानगर प्रसारण सेवा मुनाफारहित प्रसारण सेवाका रूपमा सञ्चालन हुनेछ । प्रसारण सेवा सञ्चालनका लागि आवश्यक बजेट सञ्चार प्रतिष्ठानको सिफारिसअनुसार महानगरपालिकाको वार्षिक बजेटमा अलग्गै शीर्षक राखी विनियोजन हुनेछ । महानगर प्रसारण सेवाबाट सञ्चालित सञ्चार माध्यमले कस्ता सामग्रीलाई प्राथमिकता दिने भन्ने पनि ऐनमा नै उल्लेख गरिएको छ ।

## महानगर सञ्चार प्रतिष्ठान

महानगर प्रसारण सेवा सञ्चालन र व्यवस्थापनका लागि महानगर सञ्चार प्रतिष्ठान रहने व्यवस्था छ । ऐनअनुसार यो प्रतिष्ठानमा अध्यक्ष, सदस्य र सदस्यसचिव गरी ११ जना रहनेछन् । अध्यक्षको छनोट प्रचलित कानुनबमोजिम खुला प्रतिस्पर्धाको माध्यमबाट गरिने व्यवस्था राखिएको छ । यस्तो प्रतिष्ठानको काम महानगर प्रसारण सेवाको सम्पादकीय नीति निर्माण गर्ने, प्रसारित तथा प्रकाशित सामग्रीबारे गुनासो तथा उजुरी सुन्नका लागि संयन्त्र बनाउने, वार्षिकरूपमा स्रोता, दर्शक तथा पाठक सर्वेक्षण गर्ने, महानगरपालिकाबाट सञ्चालन हुने छापा, पत्रपत्रिका तथा अनलाइन प्रकाशन वा प्रसारणको सेवा सञ्चालन, व्यवस्थापन र महानगरीय पत्रकारिता प्रशिक्षण केन्द्र सञ्चालन गर्नेलगायत हुनेछ ।

## सामाजिक सञ्जाल अभ्यास र इमेलको प्रयोग

महानगरपालिकाका विभिन्न कार्यालय, पदाधिकारी तथा कर्मचारीहरूले कार्यालयको आधिकारिक सञ्चार प्रवाहका लागि आधिकारिक इमेल ठेगाना प्रयोग गर्नुपर्ने व्यवस्था ऐनमा छ ।

ऐनअनुसार महानगरपालिकाका विभिन्न कार्यालय तथा पदाधिकारीहरूले महानगरपालिकाको आधिकारिक सूचना वा जानकारी वा धारणा सार्वजनिक गर्न पदीय हैसियत र विवरण उल्लिखित आधिकारिक सामाजिक सञ्जाल अकाउन्ट सञ्चालन गर्नुपर्नेछ । सामाजिक सञ्जाल अकाउन्ट तथा पेजको नामाकरण, सञ्चालन, सोको डिजाइनलगायतमा एकरूपता कायम गरी अन्तिम स्वीकृतिका लागि सञ्चार रजिस्ट्रारले प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्नेछ । प्रमुख प्रशासकीय अधिकृतबाट आधिकारिक भनेर विवरणसहित उल्लेख भएका सञ्जाल अकाउन्ट तथा पेजहरु महानगरपालिकाका आधिकारिक सामाजिक सञ्जालका रूपमा रहनेछन् ।

महानगरपालिकाले इन्टरनेट प्रविधिमा आधारित सामाजिक सञ्जालको प्रयोग र व्यवस्थापनसम्बन्धी संहिता (सोसल मिडिया चार्टर) जारी गर्न सक्नेछ । महानगरपालिका सम्बद्ध पदाधिकारीहरुद्धारा सञ्चालन तथा प्रयोग भएका आधिकारिक सामाजिक सञ्जाल अकाउन्ट तथा तिनको पासवर्ड आफ्नो पदावधि समाप्त भएको एक साताभित्र सञ्चार रजिस्ट्रारलाई हस्तान्तरण गर्नुपर्नेछ ।

## पत्रकार कल्याण कोष र सुशासन पुरस्कार

महानगरपालिका क्षेत्रमा स्थायी बसोबास भएका ७० वर्ष उमेर पुगेका र पत्रकारितामा कम्तीमा ३५ वर्षसम्म योगदान दिएका पत्रकारहरूलाई महानगर वरिष्ठ ज्येष्ठ पत्रकारका रूपमा सम्मान गर्न र ज्येष्ठ पत्रकारहरूलाई मासिक वृति प्रदान गर्न पत्रकार कल्याण कोष स्थापना गर्ने व्यवस्था ऐनमा छ ।

महानगरपालिकाले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी मृत्यु भएका तथा घाइते भएका वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगका लागि कोषको प्रयोग हुने व्यवस्था छ । प्रतिष्ठानको सिफारिसमा कार्यपालिकाले महानगरपालिका क्षेत्रभित्रका जनसरोकारका विषयमा खोजी पत्रकारिता गरी सुशासन प्रवर्धनमा योगदान गरेका स्थानीय, प्रदेश वा राष्ट्रिय आमसञ्चार माध्यमहरु (आन्तरिकसहित) मा कार्यरत पत्रकारमध्येबाट प्रतिष्ठानले तर्जुमा गरेको मापदण्डका आधारमा हरेक वर्ष कम्तीमा २ महिलासहित ५ जना पत्रकारलाई वार्षिकरूपमा महानगर सुशासन पुरस्कार प्रदान गर्ने ऐनमा व्यवस्था छ ।

## नेपाल भाषाको प्रवर्धन गर्ने सञ्चार माध्यमलाई विषेश सुविधा

महानगरपालिकाले प्रवर्धन गरिरहेको स्थानीय नेपाल भाषामा पत्रपत्रिका, समाचारमूलक अनलाइन पत्रिका, रेडियो वा टेलिभिजनका समसामयिक कार्यक्रमहरूलाई प्रोत्साहनस्वरूप अनुदान वा लोककल्याणकारी विज्ञापन जस्ता सुविधाहरु उपलब्ध गराउने व्यवस्था यो ऐनमा छ । नेपाल भाषामा महानगरपालिकाबाट उत्पादित श्रव्यदृश्य कार्यक्रम, सूचना तथा लेख रचनालाई विशेष महत्व दिएर प्रसारण, प्रकाशन र प्रवाह गर्ने सञ्चारका माध्यमहरूलाई आर्थिक सहयोग दिने व्यवस्था छ ।

## विज्ञापन एकद्वार नीति

महानगरपालिकाबाट विभिन्न सञ्चार माध्यममा गरिने विज्ञापनहरु एकद्वार प्रणालीबाट प्रवाह गर्ने व्यवस्था छ । ऐनअनुसार महानगरपालिकाबाट स्थानीय सञ्चार माध्यमका रूपमा इजाजत लिएका वा अभिलेखन भएका सञ्चार माध्यमहरूलाई वर्गीकरण मापदण्डका आधारमा विज्ञापन वितरण गरिनेछ । विज्ञापन उपलब्ध गराउँदा महानगरपालिकाका गतिविधि र महानगर क्षेत्रभित्रका जनचासोका विषयलाई प्राथमिकता दिने सञ्चारका माध्यमहरूलाई प्राथमिकता दिने उल्लेख छ । महानगर क्षेत्रभित्रबाट स्थानीय नेपाल भाषामा प्रकाशन तथा प्रसारण भइरहेका सञ्चार माध्यमहरूलाई महानगरपालिकाको विज्ञापनमा प्राथमिकता दिने प्रावधान पनि ऐनमा राखिएको छ ।

### महानगरले सञ्चालन गर्ने सञ्चार माध्यममा व्यावसायिक विज्ञापन प्रवाह नगर्ने

महानगरपालिकाबाट प्रसारण हुने टेलिभिजन र एफएम रेडियो, प्रकाशन हुने पत्रपत्रिका र अनलाइन सञ्चार माध्यमहरूमा व्यवसाय प्रवर्धन गर्ने विज्ञापनहरु सङ्कलन, प्रकाशन, प्रसारण र प्रवाह नगर्ने व्यवस्था छ ।

### जरिवाना र सजाय

प्रसारकले इजाजत नलिइ प्रसारण गरेमा सञ्चार रजिस्ट्रारले ५ हजारदेखि २५ हजार रूपियाँसम्म जरिवाना गर्ने व्यवस्था ऐनमा राखिएको छ ।

इजाजत लिएर २ वर्षसम्म प्रसारण नगरी बसेमा वा इजाजतपत्रमा उल्लिखित सर्तविपरित कार्य गरेमा त्यस्तो प्रसारण संस्थालाई दिएको इजाजत स्वतः निष्क्रिय हुने व्यवस्था पनि छ ।

समयमा नवीकरण नगरेमा त्यस्तो सञ्चार संस्थालाई सञ्चार रजिस्ट्रारले ५ हजारदेखि २५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

प्रसारण, प्रकाशन र प्रवाह गर्नुपर्ने विषय तथा आदेश पालना नगरेमा त्यस्तो सञ्चार माध्यमलाई सचेत गराउने तथा महानगरबाट प्रदान गरिने विभिन्न सेवा/सुविधा र विज्ञापनबाट वञ्चित गर्ने प्रावधान पनि राखिएको छ ।

अभिलेखन भएर पनि कर्तव्य पालना नगर्ने सञ्चार माध्यमलाई महानगरपालिकाले आफूले प्रदान गर्ने सेवा/सुविधाबाट वञ्चित गर्न सक्ने व्यवस्था ऐनमा छ ।

आधिकारिक इमेल तथा सामाजिक सञ्जालसम्बन्धी प्रावधान परिपालना नगरेमा त्यस्ता पदाधिकारीको हकमा प्रमुखबाट र कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट सम्बन्धित पदाधिकारी तथा निकायलाई सचेत गराउने वा स्पष्टीकरण सोध्न वा विभागीय कारबाही गर्ने व्यवस्था छ ।

### बौद्धिक सम्पत्तिको पारिश्रमिक र सुरक्षा

महानगरपालिकाको एफएम रेडियो, टेलिभिजन कार्यक्रमहरु, पत्रपत्रिका, अनलाइन र सामाजिक सञ्जालका प्लेटफर्महरु तथा महानगरको प्रवर्धनात्मक गतिविधिमा प्रयोग हुने लेख, विचार, गीत, सङ्गीत, तस्बिर, चित्र, सिर्जना आदि बौद्धिक सम्पत्तिका लागि उचित पारिश्रमिक तथा रोयल्टी उपलब्ध गराउने सुनिश्चितता ऐनमा छ ।

यसैगरी महानगरपालिकाको सञ्चार माध्यमहरूको प्रयोजन तथा महानगरको प्रवर्धनात्मक गतिविधिमा प्रयोग भएका वा गरिने बौद्धिक सम्पत्तिको सुरक्षा गर्ने उल्लेख छ ।

## ऐनमाथि टिप्पणी र सुझाव

महानगरपालिकाले बनाएको सञ्चारसम्बन्धी ऐनमा प्रायः सबै विषय समावेश छ । केहीमा क्षेत्राधिकार र केहीमा दोहोरोपनको समस्या देखिन्छ । ऐनमा प्रसारकले इजाजतपत्र लिएर मात्रै एफएम सञ्चालन र केबल टेलिभिजन प्रसारण पर्न पाउने व्यवस्था गरेको छ जुन महानगरपलिकाको क्षेत्राधिकारभित्र पर्दैन । कार्य विस्तृतीकरणले यो अधिकार प्रदेशलाई दिएको छ । पत्रपत्रिकाको वर्गीकरण, प्रेस पास, अभिलेख, सञ्चार राजिस्ट्रार, प्रसारकको वर्गीकरण, पत्रकार कल्याणकारी कोषलगायतका प्रावधानहरु प्रदेश र सङ्घको प्रावधानसँग मिल्दोजुल्दा छन् । संरचनाहरु पनि उस्तै उस्तै बनाउने गरी अघि बढेको पाइन्छ । यसले सङ्घमा छिटो भन्दा छिटो मिडियासम्बन्धी कानुन नबन्ने हो र स्थानीय तथा प्रदेशहरु आ-आफ्नो ढङ्गले अघि बढिरहने हो भने धेरै समस्या आउने देखिन्छ । यहाँ काठमाडौँ महानगरपालिकाले ल्याएको सञ्चारसम्बन्धी कानुनमा रहेका समस्या र समाधानका लागि सुझावहरु प्रस्तुत गरिएको छ :

| परिच्छेद | समस्या रहेका ऐनका विद्यमान प्रावधानहरू | समस्या समाधानका लागि प्रस्तावित सुझावहरू |
|---|---|---|
| परिच्छेद-१ | दफा २ को (क) मा 'इन्टरनेटमा आधारित सञ्चार माध्यम' को परिभाषा छ । यसमा 'पत्रकारिताको सम्पादकीय नीतिबमोजिम' भन्ने शब्दावली छ । | यसको सट्टा 'पत्रकारिताका मूल्य/मान्यता' अनुसार भन्ने शब्द राख्नु उपयुक्त हुन्छ किनकि पत्रकारिताको अभ्यासमा हरेक सञ्चार माध्यमको सम्पादकीय नीतिचाहिँ फरक हुन सक्छ । तर पत्रकारिताको मूल्य/मान्यता मूलतः उस्तै हुन्छ । यही मूल्य/मान्यतामा आधारित भएर सञ्चार माध्यमले आ-आफ्ना नीति बनाउँछन् । |
| | उपदफा २ को (ठ) मा पत्रपत्रिकाको परिभाषा छ । छापा वा डिजिटल वा विद्युतीय माध्यमद्वारा प्रकाशन, प्रसारण र प्रवाह हुनेलाई पत्रपत्रिका भनिएको छ । | यहाँ छापा र विद्युतीय सञ्चार माध्यम सबैलाई पत्रपत्रिकाको परिभाषामा राख्न खोजेको जस्तो देखिएको छ । पत्रपत्रिकालाई पनि प्रसारण गर्ने भन्ने शब्द राखिएको छ जुन मेल खाँदैन । |
| | दफा २ को (त) मा 'प्रसारक' को परिभाषा छ । कार्यक्रम चलाउने, समाचार वाचन गर्ने र कार्यक्रम तयार पार्ने प्रक्रियामा संलग्न व्यक्तिलाई प्रसारक भनिएको छ । | यसमा प्रस्तोता भन्ने शब्द राख्दा राम्रो हुन सक्थ्यो । कतिपय अवस्थामा प्रसारक भन्दा मिडिया सञ्चालकहरु हुन् भन्ने भ्रम पनि पर्न सक्छ । |
| | दफा २ को (थ) मा प्रसारणको परिभाषा छ । त्यहाँ 'चलचित्र' भन्ने शब्द राखिएको छ । | चलचित्र भिडियो प्रविधिमा आधारित एउटा प्रसारण सामग्री हो । त्यसैले चलचित्रको ठाउँमा 'भिडियो' भन्ने उल्लेख हुनुपर्ने थियो । चलचित्र राख्ने हो भने डकुमेन्ट्री किन छुटाउने वा भिडियोको माध्यमबाट बन्ने अरु सामग्रीको नाम किन उल्लेख नगर्ने भन्ने प्रश्न रहन्छ । तर यो सबैलाई भिडियो भन्ने शब्दले बृहत्‌रूपमा समेट्न सक्छ । |
| | दफा २ को (ल) मा सञ्चार माध्यमको परिभाषामा छापा, प्रसारण, डिजिटल, अनलाइन, विद्युतीय सञ्चार माध्यम राखिएको छ । | छापा र विद्युतीय सञ्चार माध्यम भन्दा हुन्छ किनकि प्रसारण, डिजिटल, अनलाइन सबै विद्युतीय माध्यमभित्रै पर्छन् |
| | दफा २ को (क्ष) मा सूचना प्रवाहमा चलचित्रलाई समेत जनाउँछ भनेर लेखिएको छ । | 'चलचित्र' को ठाउँमा 'भिडियो' शब्द उपयुक्त हुने देखिन्छ । |
| परिच्छेद-२ | दफा ३ को उपदफा २ को ( ख) मा सञ्चार माध्यमको नामहरूको सूचीमा 'रेडियो' बारे केही उल्लेख छैन । | रेडियो शब्द पनि राख्दा उपयुक्त हुने देखिन्छ । |
| | दफा ३ को उपदफा २ को (ग) मा महानगरपालिका क्षेत्रभित्र कुनै पनि सञ्चारका माध्यमलाई प्रचलित कानुन विपरित हुने गरी अवरूद्ध नपारिने उल्लेख छ । | पत्रपत्रिकाको दर्ता खारेज नहुने व्यवस्था छ । यो प्रावधान संविधानमै छ । |

| परिच्छेद | समस्या रहेका ऐनका विद्यमान प्रावधानहरू | समस्या समाधानका लागि प्रस्तावित सुझावहरू |
|---|---|---|
| | दफा ३ को उपदफा २ को (छ) मा महानगरीय सभ्यतामा आधारित आमसञ्चारको अभ्यासलाई अनुसन्धान र प्रशिक्षण कार्यमार्फत प्रवर्धन गरिने उल्लेख छ । | 'महानगरीय सभ्यतामा आधारित आमसञ्चार अभ्यास' भनेको के हो ऐनमा स्पष्ट छैन । यस्तो अभ्यासले के बुझाउँछ र यसको क्षेत्र के हो भन्ने स्पष्ट हुनुपर्ने देखिन्छ । |
| | दफा ४ मा प्रसारकले इजाजतपत्र लिनुपर्ने व्यवस्था छ । | यो व्यवस्थाको व्याख्यामा विरोधाभाष देखिन्छ । 'प्रसारक' ले इजाजतपत्र लिएर मात्र एफएम र केबल टेलिभिजन सञ्चालन गर्न पाउने व्यवस्था छ । परिभाषामा प्रसारक भनेको कार्यक्रम प्रस्तोता, समाचारवाचक र प्रसारण कार्यमा संलग्न व्यक्तिलाई भनिएको छ । यो दफाअनुसार प्रसारक भनिएका समाचारवाचक र कार्यक्रम प्रस्तोताहरूले इजाजतपत्र लिएर मात्र प्रसारण गर्न पाउने भन्ने अर्थ लाग्छ । सम्पादकीय कर्ममा संलग्न व्यक्तिले इजाजत लिनुपर्ने प्रावधान कही छैन । त्यसैले यहाँ मिडिया सञ्चालकका लागि इजाजत लिने व्यवस्था हो भन्ने कुरा स्पष्ट हुन जरूरी छ । |
| | दफा ७ मा प्रसारकको वर्गीकरणको व्यवस्था छ । | यहाँ प्रसारक भनेको मिडिया सञ्चालकहरूलाई बुझाउन खोजिएको छ । यदि यस्तो गर्न खोजिएको हो भने प्रसारकको माथि गरिएको परिभाषासँग मेल खाँदैन । परिभाषा र यो दफाको प्रावधान मिल्दैन । त्यस्तै प्रसारकहरूको वर्गीकरणको निजी, सामुदायिक र सार्वजनिक भनेर वर्गीकरण गर्नुको उद्देश्य पनि स्पष्ट खुलाउनुपर्ने देखिन्छ । |
| | दफा ९ मा पत्रपत्रिका अभिलेखन गर्नुपर्ने उल्लेख छ । तर उपदफा ४ मा 'उपदफा १ बमोजिमको विवरणसहित स्वेच्छिकरूपमा अभिलेखन गर्न सक्नेछ' भन्ने व्यवस्था छ । | यी २ दफा हेर्दा अभिलेखन गर्ने प्रावधान बाध्यकारी हो कि ऐच्छिक ? भन्ने प्रश्न उठ्छ । |
| | दफा १३ मा प्रकाशन प्राथमिकताको व्यवस्था छ । स्थानीय पत्रपत्रिकाले आफ्नो सम्पादकीय सामग्रीहरूको विषयवस्तुमा महानगर गतिविधि, महानगरभित्रका जनसरोकारका विषयहरु तथा स्थानीय सम्पदा र भाषा संस्कृतिको विषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । | ऐनमा नै प्राथमिकता दिनुपर्ने भन्ने व्यवस्थाले प्रकाशन स्वतन्त्रतालाई कुण्ठित गर्ने जोखिम रहन्छ । प्राथमिकता दिनुपर्ने विषयको मापदण्ड के हो भन्ने पनि यो दफामा खुल्दैन । संविधानमा नै प्रकाशन प्रशारणको स्वतन्त्रताको हक सुनिश्चित भएकाले सञ्चार माध्यमले आफूलाई लागेका महानगरभित्रका जेसुकै विषयलाई प्राथमिकता दिन सक्छन् तर यहाँ विषय नै तोकिएको छ |

| परिच्छेद | समस्या रहेका ऐनका विद्यमान प्रावधानहरू | समस्या समाधानका लागि प्रस्तावित सुझावहरू |
|---|---|---|
| | दफा १५ को उपदफा १ को (ग) मा सञ्चार माध्यमले राख्नुपर्ने विवरणमा 'स्वार्थको घोषणा' पनि गर्नुपर्ने उल्लेख छ । | स्वार्थभित्र के के पर्छन् ? योबारेमा कुनै कानुन बनेको छैन । स्वार्थको द्वन्द्वसम्बन्धी कानुन बनाउनेबारे सङ्घीय संसद्मा कुरा मात्रै उठेको छ । प्रदेश र स्थानीय तहले पनि योसम्बन्धी कानुन बनाएका छैनन् । त्यसैले स्वार्थ के हो, यसले कति दायरा र के-के विषयलाई समेट्छ भन्ने स्पष्ट नभएको अवस्थामा स्वार्थको घोषणा भन्दा के-के घोषणा गर्ने भन्ने अप्ठेरो पर्छ । त्यसैले यसमा स्पष्टता जरूरी देखिन्छ । |
| | दफा १७ को उपदफा ३ मा प्रकाशन प्रसारण गर्दा प्राथमिकता दिनुपर्ने विषयहरु राखिएको छ । | कानुनमा प्राथमिकता निर्धारण गर्नुलाई प्रेस स्वतन्त्राको दृष्टिले राम्रो मान्न सकिँदैन । मिडियाले आफ्नो सम्पादकीय नीतिअनुसार विषयवस्तुहरु पस्कन सक्छन् । |
| परिच्छेद-४ | ऐनको दफा १९ मा प्रेस पास जारी गर्ने विषय छ । | त्यस्तो पास पाउने सूचीमा टिभीको प्रसङ्ग उल्लेख छैन । केबल मात्र भनिएको छ । त्यसमा केबल टिभी भनेर स्पष्ट बनाउन जरूरी छ । |
| | दफा २१ मा महानगर सञ्चार प्रतिष्ठान गठनको व्यवस्था छ । यसभित्र महानगरपालिकामा क्रियाशील नागरिक सङ्घ/संस्थाका प्रतिनिधिमध्येबाट प्रमुखले मनोनीत गरेका १ महिलासहित २ जना सदस्य पनि रहने व्यवस्था छ । | नागरिक संस्थामा को पर्छन् भन्ने पनि स्पष्ट पार्न जरूरी देखिन्छ । |
| | दफा ३४ मा सामाजिक सञ्जालको अभ्यासबारे उल्लेख छ । त्यस्तै कारबाही र सजायसम्बन्धी व्यवस्थामा दफा ६२ को उपदफा ७ मा सामाजिक सञ्जाल प्रयोग नगरेकै अवस्थामा विभागीय कारबाहीसम्मको सजायको व्यवस्था छ । | समाजिक सञ्जाल धेरैवटा भएकाले कुन कुनमा अकाउन्ट हुनुपर्ने भन्ने अन्योल हुन सक्छ । त्यसैले कम्तीमा कतिवटामा हुने भन्ने स्पष्ट हुँदा सजिलो हुन्छ । सजायको व्यवस्था भन्दा पनि प्रोत्साहन गर्नेतर्फ लाग्नु उचित देखिन्छ । |
| परिच्छेद-५ | दफा ४६ मा विज्ञापन व्यवस्थापन र वितरणमा एकद्वार प्रणाली अपनाउने उल्लेख छ । | एकद्वार नीतिमा तजबिजी अवस्था पनि आउन सक्छ । त्यसैले एकद्वार प्रणाली धैरै व्यवस्थित, पारदर्शी र वैज्ञानिक हुन जरूरी छ । त्यसैगरी यसले पार्न सक्ने नकारात्मक प्रभावबारे पनि सचेत हुनुपर्ने देखिन्छ । |
| परिच्छेद-१० | दफा ६२ को उपदफा ६ मा महानगरमा अभिलेखन भएर पनि कर्तव्य पालना नगर्ने सञ्चार माध्यमलाई महानगरपालिकाले आफूले प्रदान गर्ने सेवा र सुविधाबाट वञ्चित गर्ने व्यवस्था छ । | 'कर्तव्य पालना' को सीमा के हुने ? त्यसको अनुगमन कसले गर्ने ? यसमा स्पष्टता जरूरी छ । नभए यो प्रावधानको दुरूपयोग हुन सक्छ । |

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org